Notice no: RPLPLU-2082/083-01

Nepal Vocational Qualifications System

NVQS

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)
लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नर्ती, दाङ

सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

# सीप परीक्षण आवेदन आह्वान सम्बन्धी सूचना

**प्रथम प्रकाशन मिति २०८२/१०/०७ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालय/ नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा संचालन हुने **एकाईगत पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL)** विधिद्वारा **भौचर प्रणालीमा** आधारित सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशमा/ वैदेशिक रोजगारीको अनुभव प्राप्त नेपाली नागरिकहरूबाट आफुलाई पायक पर्ने तपसिल बमोजिमका **आवेदन सङ्कलन / सीप परीक्षण केन्द्रमा** आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिलः

**क) आवेदन सङ्कलन / सीप परीक्षण केन्द्र, परीक्षण हुने व्यवसाय र तह**

| क्र. स. | आवेदन सङ्कलन / सीप परीक्षण केन्द्र | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | भेरी प्राबिधिक शिक्षालय नेपालगंज,बाँके | ०८१-५१२१५८<br>९८५८३२०४४७<br>९८५८०३०२५०<br>९८५८०२०८३८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | वेल्डर | २ |
| | | | सेल मोबाइल फोन टेक्निसियन | २ |
| २. | राप्ती प्राबिधिक शिक्षालय गढवा, दाङ | ०८२-४१३००१<br>०८२-४१३००२<br>९८६७१००९९३ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | टायल एण्ड मार्बल फिक्सर | १ |
| ३. | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही | ०७१-४५०००४<br>९८५७०७०७५४ | वेल्डर | २ |
| | | | कम्प्युटर नेटवर्क तथा हार्डवेयर टेक्निसियन | २ |

| | | | | |
|---|---|---|---|---|
| ४ | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी, बुटवल, रुपन्देही | ०७१-५३५९०३<br>०७१-५४११९९<br>९८५७०३०१०२<br>९८५७०३११३६<br>९८१३०४०८२१ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |

| क्र.स. | आवेदन सङ्कलन केन्द्र | सम्पर्क न. | व्यवसाय र तह |
|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लुम्बिनी प्रदेश कार्यालय, राप्ती उपत्यका (देउखुरी), नर्ती, दाङ | ०८२-४२००७७,<br>९८५७०४४०१८,<br>९८४८०२५१२५ | कन्स्ट्रक्सन मेसन, तह -२,<br>प्लम्बर, तह -२,<br>बिल्डिंग पेन्टर, तह –२,<br>कम्प्युटर नेटवर्क तथा हार्डवेयर टेक्निसियन, तह–२,<br>ब्युटिसियन, तह-२,<br>गार्मेन्ट फेब्रिकेटर, तह-२,<br>सेल मोबाइल फोन टेक्निसियन, तह- २,<br>रेफ्रिजेरेटर एण्ड ए सी मेकानिक्स, तह -२,<br>वेल्डर, तह -२,<br>टायल एण्ड मार्बल फिक्सर, तह- १ |
| २ | सुनवल नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ०७८-५७०११०, | |
| ३ | कोहलपुर नगरपालिका, कोहलपुर, बाँके | ०८१-५४०००९<br>९८४८११४३५८ | |
| ४ | राप्तिसोनारी गाउँपालिका, आगैया, बाँके | ९८५१२१२१८१,<br>९८६६५५२१०२ | |
| ५ | गेरुवा गाउँपालिका, पशुपतिनगर, बर्दिया | ९८५८०३८११०,<br>९८४२३०७२१४ | |

## ख) आवेदनको लागि न्युनतम योग्यता

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

**ग) आवेदन तथा रजिष्ट्रेशन शुल्कः- रु २७०/- (आवेदकले व्यहोर्ने सीप परीक्षण फाराम बुझाउने समयमा )**

घ) **सीप परीक्षणमा सहभागीले आवेदन फाराम भर्दा पालना गर्नु पर्ने शर्तहरू:**

१. सूचना तथा आवेदन फाराम सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको वेभसाइट mosd.lumbini.gov.np र प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) लुम्बिनी प्रदेशको वेभसाइट ctevtp5.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराम तोकिएको केन्द्रमा मिति २०८२/११/०७ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३. वेदन फारामको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था / उद्योग / व्यवसायीले सम्बन्धित पेशा / व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा कार्य अनुभवको सक्कल प्रति पेश गर्नु पर्नेछ)। अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४. स्थानिय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफु कार्यरत स्थानिय तह (वडा) को सक्कलै सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५. बैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६. तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरू स्वतः रद्द हुनेछन् ।

७. कुनै व्यवसायमा स्वीकृत आवेदन फारम संख्या ५ भन्दा कम भएमा सो व्यवसायको सीप परीक्षण संचालन गरिने छैन ।

८. परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट वा प्रदेश परिषद कार्यालय ले तोकेको केन्द्रहरुबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ।सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

९. परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

१०. यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारामको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

११. आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

१२. सीप परीक्षण आवेदन फाराम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फाराम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फाराम इन्ट्री (प्रविष्ट) गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई**

**सके पछि** इन्ट्री (प्रविष्ट) वापत प्रति फाराम रु.७०/- का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, लुम्बिनी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि. शाखा कार्यालय, राजमार्ग चौराहा च. हि. खाता नं. ३३६०१००००००३५१००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३. यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्वन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा संचालन हुनेछ।

१४. तहगत राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरु मध्य परीक्षार्थीहरुले उतिर्ण गरेको दक्षताको इकाईको मात्र प्रमाण पत्र प्राप्त गर्ने छन् ।

**नोट:** ब्युटिसियन पेशाको सीप परीक्षण, राष्ट्रिय सीप परीक्षण केन्द्र सानोठिमी भक्तपुर बाट मात्र हुने जानकारी गराईन्छ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लुम्बिनी प्रदेशको सम्पर्क नम्बर ९८४८०२५१२५, ९८५७०४४०१८ वा ०८२-४२००७७ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०८२-५९०५०८ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**